मिति २०८३/०४/२७ गतेको कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं. १**

यस नगरपालिकाको तपसिलका जग्गामा शहरी उत्थानशिलता तथा जीवनस्तर सुधार कार्यक्रम (URLIP) आयोजनाबाट पार्क निर्माण तथा हरियाली प्रर्वद्धन गर्ने योजना रहेको। उक्त जग्गाहरु सार्वजनिक प्रकृतिको रहेको, नगरपालिकामा अन्य थुपै सार्वजनिक प्रकृतिको जग्गाहरु पनि रहेकोले यस क्षेत्रमा विपद् व्यवस्थापन गर्ने क्रममा प्रयोग ल्याउनु पर्ने नरहेको । तसर्थ उक्त जग्गाहरु विपद् व्यवस्थापनमा नपर्ने भनि नगर विपद् व्यवस्थापन समितिको मिति २०८३/०४/२७ को निर्णयबाट सिफारिस समेत गरेकोले सो जग्गा विपदमा नपर्ने भनी निर्णय गरिदिन जिल्ला विपद् व्यवस्थापन सिमितिमा सिफारिस गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

१. सैनामैना-०३ मुर्गिया स्थित श्री नवदुर्गा भवानी मन्दिर परिसरको पश्चिम तर्फको पक्की पर्खालले घेरेको अन्दाजी ०-१५-१० (१५ कठ्ठा १० धुर) जग्गामा पार्क निर्माण तथा हरियाली प्रर्वद्धन गर्ने हुँदा सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न तपसिलको चौकिल्ला र भौगोलिक कोर्डिनेट्स भएको उल्लेखित क्षेत्रको जग्गा

(क) पुर्वः नवदुर्गा भवानी मन्दिर परिषर उत्तर पुर्व: 27°41'17.73"N, 83°20'31.91"E

(ख) पश्चिमः पक्की सडक दक्षिण पुर्वः 27°41'15.65"N, 83°20'31.46"E

(ग) उत्तरः पक्की सडक उत्तर पश्चिमः 27°41'18.26"N, 83°20'29.33"E

(घ) दक्षिणः पुर्व-पश्चिम लोकमार्ग दक्षिण पश्चिमः 27°41'15.62"N, 83°20'29.16"E

२. यस नगरपालिकाबाट वडा नं ४ लेडुवा स्थित नेपाल सरकारको नाममा दर्ता कायम नक्शा नं ८ को कित्ता नं २८६ मा रहेको पोखरी सहितको ८-११-१३-० जग्गामा पार्क निर्माण तथा हरियाली प्रर्वद्धन गर्ने हुँदा तपसिलको चौकिल्ला भएको उल्लेखित क्षेत्रको जग्गा

(क) पुर्वः २० फुटे वाटो, राज कुमार चौधरी समेतको जग्गा

(ख) पश्चिमः हेमन्त शर्मा समेतको जग्गा

(ग) उत्तरः शिव नारायण थारु, गोपाल वाग्ले समेतको जग्गा

(घ) दक्षिणः लोक बहादुर चौधरी समेतको जग्गा

३. यस नगरपालिकाबाट वडा नं १० पानवारी स्थित नेपाल सरकारको नाममा दर्ता कायम नक्शा नं १ङ को कित्ता नं २५ मा रहेको हाटबजार सहितको १२-४-१०-० जग्गामा पार्क निर्माण तथा हरियाली प्रर्वद्धन गर्ने हुँदा तपसिलको चौकिल्ला भएको उल्लेखित क्षेत्रको जग्गा

(क) पुर्वः कञ्चन खोला

(ख) पश्चिमः गंगा बहादुर, टिका राना लगायत

(ग) उत्तरः कञ्चन खोला

(घ) दक्षिणः बाटो ।

तुलसीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगरप्रमुख

CamScanner

मिति २०८३/०४/२७ गतेको कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं. २**

आ.ब. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम र बजेट तथा कार्यक्रमको कार्यन्वयनका लागि तयार भएको वार्षिक कार्ययोजना र वार्षिक खरिद योजना स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

सैनामैना नगरपालिकाको स्थानीय राजश्व प्रवर्द्धनका लागि प्रोत्साहन सुविधा उपलब्ध गराउने कार्यविधि, २०८३ संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

सामुदायिक विद्यालयमा प्रधानाध्यापक व्यवस्थापन कार्यविधि, २०८३ संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ५**

संघीय सरकारको निर्णय बमोजिम सैनामैना नगरपालिकाबाट भूमि प्रशासन सेवा सञ्चालन गर्दा नगरपालिकाबाट भू-सेवा समेत सञ्चालन गर्नु पर्ने भएको र भू-सेवा सञ्चालन गर्न भू-सेवाको तालिम प्राप्त व्यक्ति आवश्यक हुने हुँदा नगरपालिकाका कर्मचारीहरु भू-सेवा केन्द्रमा कामकाज गर्न दक्ष नभएसम्म तीन महिनाका लागि सहायकस्तर पाँचौ तहको पारिश्रमिक दिने गरी तपसिलका व्यक्तिहरुलाई भू-सेवा केन्द्रमा कामकाजमा लगाइ सेवा सञ्चालन गर्ने निर्णय गरियो ।

तपसिल

१. श्री यादव पन्थी, सैनामैना - ४, रुपन्देही ।

२. श्री विवेक वानिया, सैनामैना -३, रुपन्देही ।

**निर्णय नं. ६**

सैनामैना नगरपालिका वडा नं. १० अन्तरगत सालझण्डी-सन्धिखर्क-ढोरपाटन सडक खण्डको सालझण्डी बजार क्षेत्रमा रहेका अव्यवस्थित संरचना नगरपालिकाको पहलमा हटाइएकोले उक्त क्षेत्रमा सौन्दर्यता, चारलेन सहितको हरियाली सडक, फुटपाथ साईकललेन सहितको सडक निर्माणका लागि सडक डिभिजन कार्यालय बुटवल रुपन्देहीलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

आ.ब. २०८३/०८४ का लागि संघीय सरकारबाट स्वीकृत भई तोके बमोजिम कर्मचारीहरुको तलवमान स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

भूमि व्यवस्थापन शाखा र आधारभूत अस्पतालबाट भएका काम कारवाही र सेवा प्रवाह सम्बन्धमा छलफल तथा समिक्षा भयो ।

तुलसीराम ... 
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख